कञ्चनरूप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कंचनपुर, सप्तरी, मधेश प्रदेश, नेपाल
फोन नं. ०३१-५६०११४

प.सं.०८२/०८३
च.नं. :

मिति :२०८२।११।०५

## हटिया ठेक्का सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।११।०५गते**

प्रस्तुत विषयमा कञ्चनरुप नगरपालिकाको आन्तरिक श्रोत वृद्धि गर्ने उद्देश्यले आ.व.२०८२।०८३ को खुल्ला डाक बढाबढ प्रकृयाबाट न्यूनतम डाक अंक कायम गरी हटिया ठेक्का लगाउने कार्यपालिकाको मिति २०८०।११।०४ गतेको निर्णयानुसार मिति २०८२।११।०५ गते प्रथम पटक १५(पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

**निम्न**

| सि.नं. | हटियाको नाम | ठेगाना | न्यूनतम डाक अङ्क १३%भ्याट बाहेक | कैफियत |
|---|---|---|---|---|
| १. | बरमझिया हटिया | वडा नं. २ | ६०,००१।०० | १ वर्षको लागि |
| २ | सिमरा हटिया | वडा नं.११ | ३०,२००।०० | १ वर्षको लागि |
| ३ | धाता हटिया | वडा नं. ९ | ३४,५२०।०० | १ वर्षको लागि |
| ४ | पोटरी हटिया (जग्गा यकिन गरी ठेक्कालगाउने) | वडा नं. १ | १५,००१।०० | १ वर्षको लागि |
| ५ | बलुवा गुद्री हटिया | वडा नं. ७ | ६३,०००।०० | १ वर्षको लागि |

**नियम तथा शर्तहरु :**

१. मिति २०८२।११।२० गते कार्यालय समय भित्रसम्बन्धित वडा कार्यालयमा नाम दर्ता गराउनु पर्नेछ ।
२. दर्ता वापत रु.५००।- नगदै बुझाउनु पर्दछ ।
३. **डाक बढाबढ हुने मिति पछि निर्धारण गरिनेछ ।**
४. बोलकबोलमा सहभागिता जनाउनेले नेपाली नागरिकताको प्रतिलिपी सहित नाम दर्ता गराउनु पर्नेछ ।
५. डाक बढाबढमा आफूले कबोल गरेको स्वीकृत अंकको ५% रकम तत्काल जम्मा गर्नु पर्नेछ ।
६. कबोल अंक स्वीकृत भएको मितिले ७(सात) दिन भित्र ठेक्काको ३ किस्ताको रकम मध्ये .न्यूनतम १(एक) किस्ता वापतको रकम कृषि विकास बैंक कंचनपुर शाखा स्थित यस कार्यालयको आन्तरिक राजश्व खाता ११०३६००६४८४३२२८५ मा रकम जम्मा गरी चलान पूर्जी लिनु पर्नेछ ।
७. चलन पूर्जी अगावै बाँकी २(दुई) किस्ता रकम बराबरको धरौटी स्वरुप बैंक ग्यारेन्टी वा धित्तो जमानत राख्नु पर्नेछ ।
८. सम्झौता विपरित कार्य गरेमा जुनसुकै समयमा न.पा.ले एकतर्फी सम्झौता भङ्ग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ । सो निर्णय उपर केहीं कतै उजूर बाजुर लाग्ने छैन ।
९. लिखित नाम दर्ता भएको व्यक्तिले मात्र बोल्न पाउने छ ।
१०. ठेक्का सम्बन्धी अन्य शर्तको जानकारीका लागि कञ्चनरुप नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नु पर्नेछ ।
११. ठेकेदारले ठेक्का सम्झौताको शर्त नियम प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा न.पा.को प्रत्यक्ष नीति निर्देशनमा रही ठेक्का संचालन गर्नु पर्नेछ ।
१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।
१३. साविक गा.वि.स.वा नगरपालिकाको पेश्की बाँकी ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस नगरपालिकामा नबुझाई कुनै पनि ठेक्कामा भाग लिने पाउने छैन ।
१४. ठेक्का बन्दोबस्त भइसकेपछि कुनै किसिमको बन्द भएमा सो को कबोल गरेको रकममा मिनाहा हुने छैन ।
१५. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाउने छैन ।
१६. हटिया ठेक्का अवधि भित्र झाडू बढारु र सरसफाई लगायतका व्यवस्थापन गर्ने काम ठेकेदारको हुनेछ ।

..............................
(नवराज खड्का)
प्रमुख प्रशासकीय अधिकृत